## सम्पादकीय

# मानव सभ्यताको कलंक

रौतहटको एउटा दलित बस्तीमा आफूलाई कथित उपल्लोजाति भनाउँदाहरूले आक्रमण गरेर बस्ती नै उजाड बनाएका छन्। २१ सौँ शताब्दीको कलंकका रुपमा रहेको छुवाछुतजस्तो घृणित प्रथा कायमरहनु मानव सभ्यताकै उपहास हो। भिड्डाबर गाउँमा जुनसुकै कारणले आक्रमण भए पनि आक्रमण गर्ने अपराधी नै हुन्। मानवीय भावनासमेत नभएका आफूलाई उपल्लो जातको भएको दावी गर्ने र दलितमाथि अमानवीय, अमर्यादित र अभद्र व्यवहार गर्नेहरु समाजका कलंक हुन्। मानिस जातका आधारमा ठूलो र सानो हुँदैन। सबै मानव समान हुन र यो धर्तीमा सबैको समान अधिकार हुन्छ। यदि कसैले जातका आधारमा आफूलाई ठूलो जातको भएको भन्दै विशेषाधिकार खोज्छ भने त्यो समाज विरोधी अपराधी हो। अहिले रौतहट पिपरिया दोस्तिया-८ भिड्डाबर गाउँको दलित बस्तीमा कथित उपल्लो जात हुँ भन्नेले आक्रमण गरेर गाउँनै उजाड बनाएका छन्। दलित बस्तीका वृद्धवृद्धा, बालबालिकालगायत १४ जनालाई गम्भीर घाइते बनाएको अवस्था छ। ती गाउँलेले दलित भएकै कारण कुटाइ खानुपर्‍यो। घरबार लुटियो र आफ्नो थातथलो छोड्नुपर्ने अवस्था आयो। योभन्दा अन्याय र अत्याचार के हुन्छ ? के दलित मानिस होइनन् ? यो राष्ट्रमा, यो धर्तीमा र समाजमा उनीहरुको अधिकार छैन ? यसखाले प्रश्नको उत्तर अब नेपाल सरकारले दिनुपर्छ। नेपालबाट यो कलंक हटाउन सरकार कठोर बन्नै पर्छ। अन्यथा यही सामाजिक कलंकले नेपालकै बदनाम गर्ने छ। र, दलितलाई विद्रोहका लागि उक्साउने छ।

कथित उपल्लो जात दाबी गर्ने ती अपराधीलाई मन्दिर र भगवान् आफ्नो मात्र हुन्छ भन्ने लाग्दो रहेछ। उनीहरुले मन्दिरमा पूजा गरेकै निहुँमा दलितमाथि कुटपिट गरे। त्यो कुटपिटको अत्याचार सहन नसकी दलितले प्रहरीमा उजुरी दिए। उजुरीपछि दलितलेसमेत न्याय खोजेको उपल्लो जाति हुँ भन्नेलाई मन परेन। यसपछि आफूलाई उपल्लो जाति ठान्ने ती अपराधीले दलित बस्ती नै उजाड बनाए। कुटपिट गरेर लुटपाट मच्चाए। यो डकैती हो, सामाजिक अपराध र मानव सभ्यता विरोधी कार्य हो। यस्ता अपराध गर्नेहरु माथि सरकारले कानुनी कारबाही गरेर दलितको अधिकार संरक्षण गर्नुपर्छ। अब सामाजिक सद्भाव खल्बल्याउने, छुवाछुतप्रथा कायम राख्न खोज्ने र मानवलाई मानवको व्यवहार गर्न नसक्ने असामाजिक तत्वमाथि कडा कारबाही हुनै पर्छ। भिड्डाबर गाउँको घटना सामान्य खालको होइन। पशुत्वमा ओर्लिएर त्यहाँ अमानवीय व्यवहार भएको छ। यदि आफूलाई उपल्लो जातिका ठान्ने ती अपराधीमाथि कारबाही भएन भने त्यसले अर्कै खालको द्वन्द्व निम्त्याउन सक्छ। यसतर्फ सोच्न जरुरी छ। ५५ घर ध्वस्त बनाएर लुटपाट गर्ने र घरका मानिसलाई कुटपिट गर्ने कार्य डकैती नै हो। तसर्थ, ती अपराधीलाई डकैती मुद्दा अन्तर्गत कारबाही गर्न जरुरी छ।

२१ औँ शताब्दीमा यसखालका घटना हुनुभनेको असभ्य समाजको नमूना बन्नु हो। सामाजिक विभेदको उपल्लो रुप यसलाई मान्न सकिन्छ। यसखालाले [illegible] पूर्णरुपमा रोक्न अब कडा कानुन निर्माण गर्नुपर्छ। साथै छुवाछुत विषयलाई लिएर भिड्डाबरजस्तो आततायी घटना गर्नेमाथि व्यवहारमै हदैसम्मको सजाय हुनुपर्छ। स्थानीय समाजलाई मिलाउने अथवा सहमोल गराउनेजस्ता कामले मात्र अपराध ढाकछोप गर्ने काम हुन्छ। तसर्थ, त्यहाँ डकैती गर्ने उपल्लो जातकालाई अपराधकर्मीजस्तो डकैती मुद्दा लगाएर सजाय गर्ने, क्षतिपूर्ति भराउने र सामाजिक सद्भाव साथै छुवाछुतजस्तो कानुन विरोधी काम गरेकोमा अभियोगसमेत लगाउने काम गरिनुपर्छ। र, यस्ता घटना दोहोरिन नदिन अपराधीले कुनै पनि हालतमा उन्मुक्ति पाउनु हुँदैन। सरकार यसतर्फ जवाफदेही हुनै पर्छ।

सम्पादकीय

# छुवाछूतको कलंक

मुलुकमा छुवाछूतको भेदभाव हटाउने प्रयास सुरु भएको पाँच दशक भइसकेको छ । जातजातिका आधारमा हुने छुवाछूतको भेदभाव २०२० सालमा कानुनी रूपमै अन्त्य गर्दै भेदभाव गर्नेलाई सजाय गर्ने व्यवस्था गरिएको थियो । बदलिँदो सामाजिक तथा राजनीतिक परिस्थितिमा 'छुवाछूतमुक्त राष्ट्र' घोषणा भएको पनि सात वर्ष पूरा भइसकेको छ । दोस्रो जनआन्दोलनबाट पुनर्स्थापित प्रतिनिधिसभाले २०६३ जेठ २१ गते 'छुवाछूतमुक्त राष्ट्र' घोषणा गरेको थियो । छुवाछूतको विभेद अन्त्य गर्न कानुनी सुधार पनि हुँदै आएको छ । जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय ऐन) २०६८ लागू भइसकेको छ । यो पाँच दशकमा छुवाछूतविरुद्ध निकै ठूलो सामाजिक क्रान्ति भएको छ तैपनि छुवाछूत अझै सामाजिक विकृतिका रूपमा कायमै रहेको छ । अझै पनि सार्वजनिक स्थलमै छुवाछूतको भेदभावका घटनाहरू भइरहेका छन् । यस्तो विकृति अन्त्य गर्न कानुनी र सामाजिक दुवै प्रक्रिया अवलम्बन गर्नु आवश्यक छ ।

छुवाछूतको सबैभन्दा पछिल्लो अमानवीय घटनाको दृष्टान्त बनेको छ रौतहटको पिपरिया दोस्तीया गाविसको भीमडाबर दलित बस्ती । त्यहाँको बस्तीमा गैरदलित समुदायका व्यक्तिहरूले आक्रमण गरी दलितहरूलाई कुटपिट गर्दै उनीहरूका घर तोडफोड गरिदिएका छन् । करिब एक महिनाअघि स्थानीय मन्दिरमा पूजा गर्न गएका दलित समुदायका व्यक्तिहरूलाई गैरदलितले कुटपिट गरेपछि सुरु भएको विवादले उग्र रूप लिएको हो । महिना दिनअघिको उक्त घटनाका पीडित दलितहरूले प्रहरीमा उजुरी दिएपछि बस्तीमै आक्रमण भएको छ । ठूला जातका भन्नेहरुले कुटपिट गर्ने, घर तोडफोड गर्ने र बस्तीमा रहेका खानेपानीका धारा उखेल्ने काम गरेका छन् । जातीय आधारमा भएको यो आक्रमण कानुनी आधारमा दण्डनीय त छँदैछ घोर अमानवीय पनि छ ।

रौतहटमा भएको यो घटनाको उचित छानबिन गरी दोषीमाथि तत्काल कारबाही गर्ने प्रक्रिया अघि बढाउनु पर्छ । दलितबस्तीमा आक्रमण गर्नेहरूको खोजी गरी उनीहरूलाई कानुनमबोजिम कारबाही गर्न कुनै पनि किसिमले विलम्ब गर्नु हुँदैन । चाँडो कारबाही हुन सकेमात्रै यस्ता घटना दोहोरिने क्रम कम हुँदै जान्छ । यसलाई सामान्य घटनाका रूपमा लिनु र दोषीलाई उन्मुक्ति दिनु भूल हुनेछ । छुवाछूतको भेदभाव तुलनात्मक रूपमा कम हुँदै गएको छ तर ढुक्क हुने अवस्था छैन भन्ने पछिल्लो दृष्टान्त हो रौतहटको घटना ।

छुवाछूत कानुनीभन्दा बढी सामाजिक समस्याका रूपमा रहेको छ । आफूलाई ठूला जातका भन्नेहरूले तल्लो जातका भनिनेहरूलाई छुवाछूतका आधारमा भेदभाव गर्ने सामाजिक विकृत लामो समयदेखि कायम रहेको हो । मानव सभ्यताको विकाससँगै अभ्यास हुँदै आएको यो विकृति रातारात अन्त्य हुने होइन रहेछ भन्ने कुरा अनुभवसिद्ध छ । घोषणाले मात्रै हुने रहेनछ भन्ने त आधा शताब्दीको हाम्रो अभ्यासले देखाइसकेको छ । यो सामाजिक विकृति अन्त्य गर्न कानुन कार्यान्वयनसँगै जनचेतना अभिवृद्धिको कार्यक्रम चलाउन आवश्यक छ । यो प्रक्रिया निरन्तर जारी राख्नुपर्छ । पुस्तान्तरसँगै छुवाछूत कम हुँदै गएको छ तर पिछडिएका ग्रामीण बस्तीहरूमा अझै पनि डरलाग्दो रूपमा जीवित छ । कुनै पनि सार्वजनिक स्थलमा छुवाछूत गर्न नपाउने र गर्नेलाई दण्डसजाय हुने व्यवस्था छ तैपनि घटनाहरू हुने गरेका छन् । दोषीले चाँडोभन्दा चाँडो कानुनबमोजिम पाउन सक्यो भने यस्ता घटना गराउन खोज्नेहरू निरुत्साहित हुँदै जानेछन् ।

# नीचताको पराकाष्ठा

विकासको क्रमसँगै जात, जातिका विवाद क्रमशः सेलाएर जाने अन्तर्राष्ट्रिय अनुभव भए पनि नेपालमा चाहिँ जाति विभेदका घटनामा कमी आएको देखिँदैन। मानव जातिलाई माथिल्लो र तल्लो जातमा विभाजित गरेर मानवीयताको गला निमोठ्न अमानवीय कार्य गर्ने मानवता विरोधीलाई प्रश्रय दिन नेपाली समाजका विभिन्न वर्ग र समुदाय अझै लागिपरेका छन्। आफ्नो जातको खोक्रो घमण्ड र आडम्बरलाई बचाउन अरू जाति, समूह र समुदायमाथि हातपात गर्ने, उठीबास लगाउने, बेइज्जत गर्ने, घर जलाउने जस्ता नीच कार्य कायमै रहँदा नेपाली समाज जंगली सभ्यताबाट माथि उठ्न नसकेको उजागर भइरहेको छ। रौतहटको घटनाले नेपालीहरूको शिर एकपल्ट पुनः झुकेको छ। स्थानीय मन्दिरको प्रवेशमा जाति विशेषलाई रोक लगाउनु अवैधानिकमात्र होइन, अमानवीय र अधार्मिक पनि हो। यस्तो अवस्थामा प्रहरी, प्रशासनमा उजुरी गरेको रिसमा एउटा समुदायको गाउँमै अर्को समुदायले आक्रमण गर्नु र घर तोडफोड गर्नु कुनै पनि अवस्थामा सह्य घटना होइन। यस घटनाको चौडोभन्दा चौडो न्यायिक जाँच हुनुपर्छ। अत्याचारीलाई सजाय दिलाउन प्रशासनले दोषीलाई कानुनको कठघरामा तुरुन्त उभ्याओस्। नागरिकको माग यही हो। सरकारले यसमा ढिलो गरेर पीडित पक्षलाई थप पीडा नदेओस्।

नेपालमा संविधानतः जाति भेद छैन। दलित भनेर जाति विशेषलाई चिन्नु/चिनाउनु नै जातिगत भेदभाव गर्नु हो। यस्तो विभेद शताब्दीयौँदेखि चलेर आएको गलत परम्परा हो। तर हालैका दशकमा समेत यो विभेद नघट्नुमा 'लोभी र पापी'को चलखेल मुख्य जिम्मेवार देखिएको छ। नेपालमा जातिगत विभेद छ भनेर करोडौँ रकम विदेशबाट कुम्ल्याउने र गाउँगाउँमा गएर मिलेर बसेका विभिन्न समुदायलाई एक अर्कासँग भिडाउने खेलले जातिगत द्वन्द्व बढाउने काम गरेको छ। विदेशी पैसा ल्याउनेले कहिल्यै जातिगत विभेद गर्दै आएको समुदायका सदस्यलाई जातका आधारमा कसैलाई हेप्नु अमानवीय र दण्डनीय काम हो भन्ने सिकाएनन्। हेपिएकाहरूलाई मात्र हेपाइविरुद्ध संघर्ष गर्न सिकाए। विदेशीले दिने अधिकांश सहयोगको उद्देश्य जातिगत सद्भाव बढाउनु नभई हेपिनेलाई धर्म परिवर्तन गर्न उक्साउनुमात्र रहेको देखिन्छ। यस्तै प्रवृत्तिका कारण जातिगत सम्बन्ध मधुर बन्न सकेन। सबै मिलेर बस्ने जागरण ल्याउन सकिएको भए र हेप्ने समुदायलाई आफ्नो व्यवहारमा पछुतो गराउन सकेको भए यस्तो समस्या अतीतको विषय भइसकेका हुन्थे। पीडादायक सत्य के हो भने नेपालको विविधतालाई विस्तारै अवमूल्यन गराउँदै विदेशी धर्मको प्रभुत्व गराउन चलाइएका आन्दोलनमा नेपालीहरू एक अर्काका शत्रु बनेर आफैं समाप्त हुँदैछन्।

जुनसुकै जातका हुन्, जुनसुकै भाषा बोलुन् र अनुहार जस्तोसुकै होस्, मेचीदेखि महाकालीसम्म बस्ने सबै नेपाली हुन्। तिनको भाषा, संस्कृति, रहनसहन, भेषभुषा र अनुहारको बनोटका आधारमा कुनै पनि कुरामा विभेद गरिनुहुँदैन। राष्ट्रले दिने सुविधा र आरक्षणमा पनि यस्तो आधारमा विभेद गरिनु न्यायोचित हुँदैन, चाहे त्यसलाई सकारात्मक विभेद नै किन नभनियोस्। राष्ट्रले दिने सुविधा जात विशेषलाई नभएर आर्थिक अवस्थाको आधारमा दिइनु न्यायोचित हुन्छ। राष्ट्रले त गरिब, खानलाउन नपाउने, बालबच्चालाई स्कुल पठाउन नसक्ने, बिरामी हुँदा औषधि नपाउनेलाई पो सहयोग गर्नुपर्ने हो। आर्थिकरूपमा विपन्नहरूलाई सम्पन्न बनाउन सके तिनले आआफ्नो विशेषतालाई आफैं जगेर्ना गर्न सक्छन्। आर्थिकरूपमा सबल समुदायका संस्कृति, रहनसहन आफैंमा विशेष हुन्छ। जनुसुकै जातिका भए पनि तिनलाई सबैले सम्मानको दृष्टिले हेर्छन्। तर समावेशी हुने नाममा सार्वजनिक जीवनका सबै पक्षमा नाकको चुच्चोपन र आँखाको गोलाइको आधारमा मात्र समानता खोज्ने दोषी आँखाले गर्दा गरिब र धनीबीचको खाडल पुर्ने कार्य हुन सकेको छैन। त्यसले त जातजातिबीचको दूरी लम्याउने कोसिसमात्र सफल भइरहेको छ।

सम्पादकीय

# एउटा जघन्य अपराध

विभेदविरुद्ध बोलेकै कारण सिंगो दलित बस्तीमाथि गैरदलितको समूहले आक्रमण गरेर केहीलाई घाइते बनाएको घटना सार्वजनिक भएपछि नेपाली समाजमा अवशेषका रूपमा रहेको एउटा रुढिवादी परम्पराले निरन्तरता पाएको संकेत मिलेको छ। किनकि मन्दिर प्रवेशमा रोक लगाएको विरुद्धमा दर्ता गरिएको मुद्दा फिर्ता लिन दबाब दिँदै दलितमाथि कुटपिट गरिनु र ६० भन्दा बढी घर तोडफोड हुनु आफैँमा जघन्य अपराध हो। यस किसिमको दुष्कर्ममा संलग्नलाई कुनै पनि हालतमा कारबाही हुनैपर्छ। स्थानीय मन्दिरमा दलितलाई प्रवेशमा रोक लगाउनु नै गैरदलितहरूको महाभूल थियो। त्यसमाथि सोही विषयमा दलितबस्तीमा आक्रमण गरेर गैरदलित समुदायले जघन्य अपराध गरेका छन्।

यो घटनाले केवल दलितलाई पीडा मात्रै दिएको छैन, सामाजिक अमनचयन खलबल्याउन पनि भूमिका खेलेको छ। घटना सार्वजनिक भइसकेपछि २१औं शताब्दीमा पनि जातीय विभेद गर्ने संकीर्ण मानसिकता भएका गैरदलितलाई कारबाही गर्नुको विकल्प छैन। दलित बस्तीमा आक्रमण गर्नेलाई कारबाहीको दायरामा ल्याउन गैरदलित समुदायका अगुवाको समेत सकारात्मक भूमिका हुनुपर्छ। कानुनी रूपमा त जातीय विभेदको अन्त्य भइसकेको छ नै। नेपालका कतिपय समुदाय यस्ता पनि छन् जहाँ मन्दिरका पुजारी दलित छन् भने भोज भतेरमा मान्यका रूपमा दलितलाई अघि सारिन्छ। रौतहटका गैरदलित समुदायले यति मात्रै विचार गरेको भए अनावश्यक तनाव सिर्जना हुने नै थिएन। त्यसो त छुवाछूत उन्मूलनको पर्याप्त कानुनी आधार र व्यावहारिक अभ्यास भएर पनि रौतहट घटना हुनुमा सरकार र छुवाछूतविरुद्ध वकालत गर्ने सरकारी/गैरसरकारी संस्था पनि दोषी छन्। यो घटनाका दोषीलाई कारबाही गर्न सरकारले खुट्टा कमाउन हुँदैन नै, भोलिका दिनमा यस्ता घटना नहुन् भन्नका लागि छुवाछूतविरुद्ध व्यापक सामाजिक जागरणको खाँचो छ। त्यो खाँचो पूरा गर्न सरकार र नागरिक समाजबीचको हातेमालोको खाँचो छ।

रौतहट घटनाबाट दलित र गैरदलित दुवै समूहले पाठ सिक्न जरुरी छ। पहिलो कुरा मठमन्दिर वा देवता कुनै पनि समुदाय वा जातको पेवा हुन सक्दैन। मठमन्दिरमा हुने पूजाआजामा सबै वर्गले समान सहभागिता जनाउन सक्छन्, पाउनुपर्छ। अर्को कुरा जुन शैलीमा आक्रमण भयो त्यसले केवल केही दलितलाई पीडित मात्रै बनाएन कि सामाजिक सद्भावसमेत खलबल्याउने काम गर्‍यो। यो घटनामा गैरदलित समुदायका मान्छेले गल्ती गरेको हो। यसमा कुनै शंका छैन। तर, एउटा जिल्लाको घटनालाई विश्लेषण गर्दै [illegible] पनि सिंगो गैरदलित समुदायलाई आक्षेप लगाउनु हुन्न। कुनै पनि घटना वा दुर्घटना भएपछि त्यसैको आधारमा समस्यालाई बल्झाउने कार्य भयो भने जातीय विभेदको पारो अझै बढ्ने सम्भावना हुन्छ। तसर्थ दुवै समुदायका सचेत व्यक्तिहरू बसेर दोषीलाई कारबाही गर्दै आगामी दिनमा यस्ता घटना दोहोरिन नदिने प्रण गरियो भने फेरि अर्को दिन एउटा दलितले अर्को गैरदलितको अपमान सहनु पर्नेछैन।



> प्रेसहोल्डको व्यवस्था नराखी निर्वाचनसम्बन्धी कानुनमा सहमति जुटाउन सबैले पहल गर्नु जरुरी छ
>
> • खिलराज रेग्मी, अध्यक्ष, अन्तरिम मन्त्रिपरिषद्

## सम्पादकीय

# जातीय सद्भाव भड्काउने दुष्प्रयास

मन्दिर प्रवेश गर्न खोजेको आरोपमा रौतहटका गैरदलित समुदायका हर्ताकर्ताले दलितमाथि कुटपिट गर्नुका साथै दलित बस्तीका ६० घरमा तोडफोड गरेर जातीय सद्भाव भड्काउने दुष्प्रयास गरेका छन् । मुलुकमा जतिसुकै ठूलो परिवर्तन आयो भनेर ढोल पिटिए पनि हाम्रो समाजबाट अझै छुवाछुतको कलंक मेटिन सकेको छैन । बेलाबेलामा यस्ता मध्ययुगीन बर्बरता बिर्साउने अप्रिय समाचार आई नै रहेका छन् । अझ दुःखको कुरो त यस्ता बर्बरतालाई मलजल गर्ने कार्यमा समाजका अगुवा नै अगाडि रहेको देखिनु गम्भीर विडम्बना हो । रौतहटको दलित बस्तीमाथिको बर्बर आक्रमणमा नेपाली कांग्रेस जिल्ला कोषाध्यक्षकै अगुवाइ देखिएबाटै अनुमान गर्न सकिन्छ, हाम्रो समाजका अगुवा, राजनीतिक दलका नेता, कार्यकर्ताको मानसिकताबाट छुवाछुत अझै मेटिन सकेको छैन । र, उनीहरूले नै छुवाछुतलाई मलजल गरिरहेका छन् ।

मन्दिर कसैको पेवा हुन सक्दैन । मन्दिरमाथि कुनै पनि जातजाति वा समुदायको सिन्डिकेट चल्न सक्दैन । मन्दिर प्रवेश, भगवान्को पूजा, अर्चनामा कुनै जाति विशेषका लागि विशेषाधिकार हुँदैन । त्यसैले रौतहटमा जे जस्तो बर्बर आक्रमण भयो गैरदलित समुदायबाट, त्यो सर्वथा भर्त्सनायोग्य छ । घटनामा परेर १८ जना दलित घाइते भएका छन् । गैरदलितको समूहले रातको समयमा महिला र केटाकेटीमाथि समेत आक्रमण गरेको छ । ६० घरमा तोडफोड गरेर बस्ती नै उजाड पारिएको छ । आक्रमणपछि बस्तीका युवा थप आक्रमणको त्रासले विस्थापित भएका छन् भने घर तोडफोड भएपछि बस्तीका वृद्धवृद्धा, महिला, बालबालिका सबै खुला चौरमुनि रात कटाउन बाध्य छन् ।

> रौतहटमा जे-जस्तो बर्बर आक्रमण भयो गैरदलित समुदायबाट, त्यो सर्वथा भर्त्सनायोग्य छ

रौतहटको घटनापछि राजनीतिक दलको मौनता देख्दा लाग्छ, घटना उनीहरूकै निर्देशनमा भएको हो । कांग्रेस जिल्ला कोषाध्यक्षको समेत नाम जोडिएको घटनाबारे कांग्रेसले मुख खोल्नु आवश्यक ठानेको छैन । पीडित दलितको पीडामा मलम लगाउनुको साटो उसले घटनाप्रति मौन सम्मति जनाएको छ । कांग्रेसले आफूलाई छुवाछुतविरोधी पार्टी मान्छ भने उसले घटनाबारे छानबिन गरी आफ्ना जिल्ला कोषाध्यक्षको संलग्नता भेटिए उनीमाथि कारबाही गर्ने घोषणा गर्न सक्नुपर्थ्यो । सो आक्रमणमा कांग्रेस कार्यकर्ताको मात्र संलग्नता पक्कै छैन । घटनामा एमाओवादी, एमाले, मधेसी मोर्चा वा अन्य कुनै पनि राजनीतिक दलका कथित उपल्लो जातका स्थानीय नेता कार्यकर्ताको संलग्नता नहोला भन्न सकिन्न । त्यसैले पनि यस घटनाको प्रत्येक राजनीतिक दलले भर्त्सना गरेर पीडितको पक्षमा उभिनु जरुरी छ । यस्ता बर्बर घटनामा जुन पार्टीका नेता, कार्यकर्ताको संलग्नता भए पनि, जुन समुदायको हात रहेको भए पनि त्यो भर्त्सनायोग्य छ र घटनामा संलग्नजति सबै अपराधी हुन् । मन्दिर प्रवेशमा रोक लगाउनु व्यक्तिको मानव अधिकारको हनन गर्नु हो । यस घटनामा राष्ट्रिय मानव अधिकार आयोगदेखि मानव अधिकारको नाम भजाएर आ-आफ्नो रोजीरोटी व्यवस्था गरिरहेका मानव अधिकारकर्मीले समेत चुँ नबोल्नु मानव अधिकारकै गम्भीर उपहास हो । त्यसैले रौतहट घटनाबारे अविलम्ब छानबिन गरी दोषीमाथि कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउनुका साथै विस्थापितलाई स्थापित गर्न राज्य, राजनीतिक दल र मानव अधिकारकर्मीको अविलम्ब ध्यान जानु जरुरी छ ।

**The Himalayan**
T I M E S

A THOUGHT FOR TODAY

*It is most unwise for people in love to marry.*
— George Bernard Shaw

# More action needed

The Constitution of Nepal prohibits discrimination of any kind based on gender, caste, or any such things. There are laws which are there as deterrents, yet discrimination in the society continues instead of abating. Many women are tortured for not bringing enough dowry, and the accusation of witchcraft has seen many women physically abused or even displaced from their place of residence. Dalits in many places are yet to live as equal citizens of the country despite the guarantee of equality by the state and the constitution. The discrimination that prevails against the Dalits has landed them at the receiving end in many places for various reasons. The mentality of many people still are conservative as if they were in the mediaeval ages and mete out physical violence to the Dalits who do not do what the so-called upper caste people direct them to. The reports of such violence against the Dalits are reported quite often, and there may be many such incidents which do not come to light. Even the law has not been able to be of much help to the Dalits in general. The rural setting is where the discrimination against the Dalits is the more pronounced.

Taking this into consideration, the non-Dalits or the upper caste people had barred a Dalit woman from entering the Brahmasthan Dewata temple, in Pipariya, Dostiya in Rautahat disrict, about a month ago, and they had even physically abused her. That was the seed for the continuing clash between the Dalits and non-Dalits who even went to the extent of vandalising the former's property. This is a rather sick scenario, where the law is disregarded and the elites in the villages make their words the law. The Dalits are a marginalised community and had been exploited since ages, and only in present times the constitution and the laws are in their favour, but that has not given them the respite they have a right to. Such a state of the Dalits can pinch the conscience but those who believe in serfdom do not want to see their domination eroded. Therefore, despite the right of the Dalits to enter a religious place, the non-Dalits have imposed their own law barring any Dalit from entering it.

**The gulf between what the law says and what people practice is an affair of great concern, and it makes a mockery of the rule of law**

The gulf between what the law says and what the people practice is an affair of great concern. The trouble lies in the fact that though the law has implicitly said that caste discrimination is illegal, but the practice does not follow it. That the caste discrimination incidents are regularly reported are evidence that the implementation of the law against it is rather lax, and the perpetrators are not in any way brought to book due to their clout or power. It makes a mockery of our own constitution and the law. To come to the modern times the remnants of a feudalistic attitude cannot be entertained. The political leaders, the government and the law enforcement bodies should be more responsible and prevent any incident where caste discrimination comes to the fore. There can be no excuse for any lack of action when the human rights are violated. The mute observer status must end with solid action to punish those who take the law in their own hands with a sense of impunity.

# Where's the will?

## Another attack on Dalits

Following the historic Jana Andolan in 2006 and subsequent identity movements, Nepal is believed to be a far more equal society today than at any other time in its 250-year-old history. The Interim Constitution expressly forbids any kind of caste-based discrimination. The country has entered into various international treaties promising an end to all forms of social discriminations. Still, incidents of discriminations against the nearly five million-strong Dalit population continue to pour in from across the country with troubling frequency. In the latest incident, around a dozen Dalits of Pipariya VDC of Rautahat district were attacked and their houses vandalized by non-Dalit locals on Friday evening. Tension between the two groups had been simmering ever since a group of locals tried to bar Umesh Ram Chamar and his prospective wife, both from Dalit community, from getting married at a local temple. Apparently, the Dalit community had retaliated against the forcible eviction of the Chamars from the temple by setting upon some non-Dalits. The Dalit community had also lodged a complaint against the attack on Chamars with the local police. The counterattack and the police complaint seem to have enraged the non-Dalits anew, setting the scene for Friday's brutal retaliation.

Last year, non-Dalits attacked ten Dalit families of Mulkharka village of Pida VDC in Dhading when a Dalit boy married a non-Dalit girl. Ten Dalit families had to leave the village following the incident. Also last year, a man belonging to the Dalit community in Dailekh was beaten unconscious for allegedly crossing the doorstep of a non-Dalit household. Every time such incidents take place, the government vows to look into the matter and punish the culprits. And indeed, there have been arrests and prosecutions for such discriminatory actions. But these incidents are being repeated time and again because they are still not getting the serious attention they deserve. For instance, the latest attack on Dalit households in Rautahat could have been prevented if the local authorities had decisively stepped in to cool tensions soon after the Chamars were attacked a month ago. But by sitting on the case for so long, hoping it to fizzle out of its own, tensions were allowed to simmer under the surface. It was only a matter of time they bubbled over.

One of the reasons the cases of discrimination against Dalits are so common could be lack of Dalit representation in important decision-making bodies. With vital state mechanisms still by and large occupied by people from privileged groups, the problems of the Dalits, who make up 20 percent of the population but are very poorly represented at state organs, are often brushed under the carpet, soon after the initial furor over attacks like one that took place on Friday evening in Rautahat dies down. This is a dangerous course. There must be swift and decisive action as soon as a case of discrimination is reported. By this time almost everyone is aware of the criminality of any kind of social discrimination. Hence these incidents cannot only be attributed to lack of awareness. They rather seem to be the result of the state's failure to decisively impose its writ. What seems missing is not legal measures against discrimination, but the political will to take on entrenched discrimination head on.

THE KATHMANDU POST
EDITORIAL

# Unite and conquer

## Dalit groups need to politically combat caste-based discrimination at all levels

It has been over 60 years since the Nepali constitution banned caste-based discrimination. Nepali society has transformed dramatically during that period. Yet the notion of caste hierarchy and the various oppressions associated with it continue to persist. Among the various groups that have been victims of caste discrimination are the Dalits who face the most pernicious form of oppression. In many areas of the country non-Dalits seek to impose a rigid social barrier between themselves and Dalits. When this barrier is breached, or if Dalits seek to assert themselves in any way, there is often a major backlash that includes severe violence against Dalits. Most of these events remain localised and unknown to the broader world. A few of them, however, are reported in the media.

One such case occurred last Friday in Rautahat district. A large group of non-Dalits attacked a Dalit settlement and vandalised all the houses there. When the Dalits attempted to protect their property, they were beaten up and fourteen of them were injured. A tap, which was the single source of water for locals, was uprooted. It appears that the non-Dalit villagers of the area were aggrieved that a group of Dalits had entered a local temple on the occasion of a wedding. It is well-known that one of the ways in which upper-castes seek to perpetuate their domination is to restrict the entry of Dalits into the social and religious lives of communities. Dalits across South Asia have had to face violence when they have tried to enter temples and other communal spaces.

It is to the credit of the authorities that a large number of security personnel have entered the area where the attack occurred and are protecting the Dalits from further violence. A number of attackers have also been taken into custody. We hope that they will be confronted with the full force of law. Over the longer term, civil society activism will be necessary to uproot discriminatory practices such as those faced by Dalits. Most importantly, however, the response has to be political. Even as many other groups have succeeded in mobilising over the past six years, this has not been true for Dalits. There are many Dalit organisations but they remain fragmented. Strong Dalit groups that succeed in creating a feeling of belonging and unity across the nation need to be formed. Such organisations need to intervene at all levels of politics—through political parties and elections, through attempts to formulate laws and attempts to change popular discourse and perceptions. Granted, this is a long-term project. It does not seem that caste discrimination will become extinct anytime soon. But as the history of oppressed groups in South Asia and other areas of the world have shown, strong organisation and militant campaigning is the only way in which the oppressed like the Dalits can gain their rights.